# बेलौरी नगरपालिकाको आ.व.
# २०८२/८३ को बजेट वक्तव्य

**बेलौरी नगरपालिकाका नगर उप प्रमुख श्री जोगराम चौधरीबाट मिति २०८२ असार ०८ गते आइतबारका दिन नगर सभाको पन्ध्रौं अधिवेशनमा प्रस्तुत आ.व. २०८२/०८३ को बजेट वक्तव्य**

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

१) नेपालको संविधानको धारा २३० मा उल्लेखित प्रत्येक आर्थिक वर्षको राजश्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम नगर सभामा पेश गरी पारित गराउनु पर्ने र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गते भित्र सभामा पेश गर्नु पर्ने व्यवस्था भए बमोजिम यस गरिमामय नगर सभाको पन्ध्रौं अधिवेशनमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । नगरबासीका सुशासन  विकास र समृद्धी सम्बन्धी आकांक्षालाई सम्बोधन गर्ने गरी तयार पारिएको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित नगर सभाको अधिवेशनमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

२) ऐतिहासिक जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्नुका साथै सहिद परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु । मुलुकको सार्वभौमिकता, स्वाधिनता, अखण्डता तथा स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता लोकतन्त्र, सामाजिक न्याय, समानता, विकास, सम्वृद्धि, सुशासन र समतामूलक राष्ट्र निर्माणका लागि संघर्ष गर्नुहुने जनआन्दोलनका घाइते तथा बेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेतृत्व गर्नुहुने आदरणीय अग्रज व्यक्तित्वहरुको योगदानको स्मरण गर्न चाहन्छु ।

३) प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित स्थानीय तहका एकल तथा साझा अधिकार, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, सोह्रौं आवधिक योजना, सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन , दिगो विकासका लक्ष्य, नगरपालिकाबाट समय-समयमा जारी भएका नीति तथा कानून, नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम लगायत नेपाल सरकार र सुदूपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई आधार लिएको छ । बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा राजनैतिक दल, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, विषयगत समिति, कार्यपालिकाका सदस्य, विषयगत

शाखाको राय, सल्लाह तथा सुझावलाई मार्ग दर्शनको रुपमा लिई निजी तथा सहकारी क्षेत्र, स्थानीय विज्ञ तथा नगरबासीबाट प्राप्त राय, सुझावलाई समेत समावेश गरेकोछु ।

४) आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तुत यो बजेट स्थानीय तहको दोस्रो निर्वाचन पश्चात जनअनुमोदित स्थानीय सरकारका जनप्रतिनिधिहरुको कार्यकालको चौथो बजेट हो । यसको कार्यान्वयनबाट बेलौरी नगरपालिकाको समग्र विकास, सुशासन, प्रभावकारी सेवा प्रवाह एवम् समृद्धीको नगरबासीको चाहानालाई पुरा गर्ने विश्वास लिएको छु ।

५) प्रस्तुत बजेट तथा कार्यक्रम तर्जूमा गर्दा आय बमोजिमको प्रभाबकारी व्यय गरी नगरपालिकाको समृद्धि तर्फको यात्रा पुरा गर्न आ.व २०८२/०८३ को नीति तथा कार्यक्रमको प्रथमिकताको आधारमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

**नगर सभाका  अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

६) अब म चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्तसम्मको विषयगत क्षेत्रको प्रगति विवरण यस सभामा प्रस्तुत गर्न चाहन्छु ।

| क्र. सं. | विषयगत क्षेत्र | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत | बाँकी मौज्दात |
|---|---|---|---|---|---|
| १. | आर्थिक विकास | १,६०,००,०००। | १,०९,२७,७१०। | ६८.२९ | ५०,७२,२८९। |
| २. | सामाजिक विकास | २६,२७,१६,०००। | १९,२२,५१,७९० | ७३.१७ | ७,०४,६४,२०९। |
| ३. | पूर्वाधार विकास | २६,७६,३०,०००। | १४,७५,४६,६५९। | ५५.१३ | १२,००,७३,३४०। |
| ४. | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ८२,०९,०००। | ५२,४०,९६८ | ६३.८४ | २९,६८,०३१। |
| ५. | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७,६८,८५,५४३। | १३,२१,४६,०३५। | ७४.७ | ४,४७,३९,५०७। |
| | कुल जम्मा | ७३,१४,४०,५४३ | ४८,८१,१३,१६२ | ६६.७३ | २४,३३,१७,३७६। |

**नगर सभाका  अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

७) अब म चालु आर्थिक वर्षमा यस नगरपालिका अन्तरगत कार्यान्वयन भएका विकास निर्माणका योजना तथा कार्यक्रमको संक्षिप्त विवेचना गर्न चाहन्छु ।

- विपदको क्षेत्रमा राम्रो काम गरे वापत संयुक्त राष्ट्र संघ विपद जोखिम न्यूनीकरण कार्यालयबाट **(UNDRR)** बाट **MCR 2030 ( Making Cities Resilient)** सदस्यता प्राप्त भएको ।
- किसान परिचय पत्रका लागि १० हजार घरधुरी सूचिकृत भइसकेको ।
- ५ नं. वडामा स्वीमिङ्ग पुल निर्माण कार्य अन्तिम चरणमा रहेको ।

- सामाजिक सुरक्षा भत्तालाई पूर्ण तवरले विद्युतीय प्रणालीको माध्यमबाट भुक्तानी गर्ने व्यवस्था मिलाइएको ।
- सामाजिक सुरक्षा भत्ताको नवीकरण गर्नका लागि बायोमेट्रिक डिभाईसको पूर्ण तवरले संचालनमा ल्याइएको ।
- वालकोष स्थापना भएको ।
- लैंगिक हिंसा निवारण कोष संचालनमा आएको ।
- लैंगिक हिंसा एवम घरेलु हिंसाबाट प्रभावित महिलाहरुको लागि मनोसामाजिक परामर्श सेवा संचालनमा आएको ।
- राजश्व व्यवस्थापनलाई प्रभावकारी बनाउन सुत्र रेभेनिऊ मोडेल **(Sutra Revenue Model )** लागू भएको ।
- जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउन पाम्स भर्जन २ लागू गरि कार्यान्वियनमा ल्याइएको ।
- होटेल म्यानेजमेन्ट ट्रेनिङ्ग संचालन गरिएको ।
- दमकल खरिदको प्रक्रिया अन्तिम चरणमा पुगेको ।
- स्थानीय आपतकालिन कार्य संचालन केन्द्रको भवन निर्माणाधिन रहेको ।
- विपदको गोदाम घर निर्माण भएको ।
- कैलाली रेडक्रसको साझेदारीमा निःशुल्क रक्तदान कार्यक्रम संचालनमा आएको ।
- गरीब तथा विपन्न परिवारलाई निःशुल्क खाद्य वितरण कार्यक्रम सुचारू भएको ।
- विपद पुर्व तयारीको लागि विपद स्वयंमसेवक आधारभूत तालिम सम्पन्न भएको ।
- नगरपालिका अन्तरगतका सम्पूर्ण कार्यालयहरुमा ई-हाजिरी संचालनमा ल्याइएको ।
- रेविज रोग नियन्त्रणका लागि सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम सम्पन्न गरिएको ।
- रेविज रोग विरुद्ध निःशुल्क खोप कार्यक्रम संचालनमा ल्याइएको ।
- पशुहरुलाई निःशुल्क खोप कार्यक्रम संचालनमा ल्याइएको ।
- नस्ल सुधार कृत्रिम गर्भाधान कार्यक्रम उप शाखाहरुबाट पनि संचालनमा ल्याइएको ।
- २ वटा हरित विद्यालय कार्यक्रम संचालनमा ल्याइएको ।
- विद्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाउदै लगिएको ।
- संघीय सरकारको ससर्त अनुदान तर्फ मकै प्रवर्द्धन कार्यक्रम ५० विघा जग्गामा संचालनमा ल्याइएको ।
- कृषि कार्यक्रम संचालन कार्यविधि निर्माण भएको ।
- लैंगिक हिंसा प्रभावित महिलाहरुको लागि अल्पकालिन आश्रम साझेदारीमा संचालन भएको ।

- १०० दिने रोजगारी कार्यक्रम अन्तरगत वडा नं. ४, ५ र ७ मा ९.५ किलोमिटर खानेपानी लाइन विस्तार भएको ।
- चालु आ. व. मा १०० जनाले पुनःश्रम स्वीकृति रोजगार सेवा केन्द्रबाट प्राप्त गरेको ।
- जेठ मसान्तसम्म बेलौरी नगरपालिकाको विभिन्न सडक खण्डहरुको कालोपत्रे सडक निर्माण अन्तर्गत करिव १५ किलोमिटर कालोपत्रे सडक निर्माण भएको ।
- वडा नं. ५ को भकुण्डामा कबर्ड हल निर्माण सम्पन्न भएको ।
- वडा नं. १ मा औद्योगिक ग्राम निर्माण सम्पन्न भएको ।
- बन्दाताल रेस्टोरेसन प्रोजेक्ट कार्य सुरु भएको ।
- कृषि तथा पशु सेवा शाखा भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।
- महिला जनप्रतिनिधीहरुसंग महिला हक, अधिकार तथा कानुनी प्रावधान विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- सूचीकृत मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धी पुनर्ताजगी कार्यक्रम सम्पन्न भएको ।
- विपन्न महिला, एकल महिला, मुक्त कमैया, हलिया, सुकुम्वासी तथा दलितहरुका लाग विभिन्न सिप मुलक तथा क्षमता विकासका कार्यक्रम गरिएको ।
- बेलौरी नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिकाको रुपमा घोषणा गरिएको ।
- आ.व. २०८१।०८२ मा न्यायिक समितिमा दर्ता भएको जम्मा ३० उजुरी मध्ये २४ वटा उजुरी फछर्यौट भइ कार्यान्वयन भइसकेको ।
- स्थानिय विषयको पाठ्यपुस्तकको निर्माण कार्य सुरु भएको छ ।
- अभिभावक शिक्षा कार्यक्रमको सुरुवात भएको छ ।
- विद्यार्थिहरुको सर्वाङ्गिण विकास कार्यक्रम अन्तर्गत खेलकुद हाजिरिजवाफ तथा नृत्य प्रतियोगिता संचालन भएको ।
- बेलौरी नगरपालिका अन्तर्गत १३ वटा स्वास्थ्य संस्थाहरूबाट नगरबासीहरूले नियमित स्वास्थ्य सेवा पाईरहेका छन, २०८१ साल श्रावणदेखि हालसम्म ४८,३७० जना बिरामीहरूले उपचार पाइका छन् ।
- १२ वटा स्वास्थ्य संस्थाहरूबाट ६४८ जना गर्भवती महिलाहरूले पहिलो पटक तथा ४५० जना गर्भवती महिलाहरूले चार पटक गर्भवती जाच गराएका छन् ।
- श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्र, लक्ष्मीपुर स्वास्थ्य चौकी र रामपुर स्वास्थ्य चौकीबाट ३६६ जना सुत्केरी महिलाहरूले स्वास्थ्य संस्थाबाट सुत्केरी सेवा लिएका छन् भने ३४० जना नवजात शिशु र ३४० जना सुत्केरी महिलाहरूको घरमा गएर स्वास्थ्य परिक्षण गरिएको छ ।

- १० बर्षदेखि १९ बर्ष उमेर समुहका किशोरीहरूलाई आईरन चक्की बितरण कार्यक्रम अन्तर्गत २,०४० जना किशोरीहरूले आईरन सेवन गरेका छन् ।
- बेलौरी नगरपालिका वडा नम्बर १ देखी १० सम्म बिद्यालयबाट ९,६७६ जना विद्यार्थीहरूलाई जुकाको औषधी एक चक्की बितरण गरिएको छ ।
- घरमा हुने शुन्य सुत्केरी घोषणा नगर घोषणा अभियान अन्तर्गत घरमा हुने सुत्केरी शुन्य रहेको छ ।
- श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बिमा कार्यक्रम नियमित सञ्चालन भईरहेको छ, २०८१ श्रावणदेखि हालसम्म ४६३९ जना बिरामीहरूले स्वास्थ्य सेवा लिएका छन् ।
- श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्रमा कुकुरले टोकेका ३१४ जना, सर्पले टोकेको २० जना, अन्य टोकाई ११६ जना बिरामीहरूले उपचार सेवा लिएका छन् ।
- नियमित खोप कार्यक्रम अन्तर्गत ३०५ जना बालबालिकाहरूले बि.सि.जी. खोप लगायका छन् भने २११ जना बालबालिकाहरूले पुर्ण खोप खोप लगाएका छन् ।
- नियमित रूपले गाउघर क्लिनिक, खोप क्लिनिक सञ्चालन भईरहेको छ ।
- निशुल्क उपलब्ध हुने औषधी तथा खोप सामग्रीहरूको स्वास्थ्य संस्थाहरूमा नियमित आपुर्ति भईरहेको
- बेलौरी नगरपालिका वडा नं. ९ मा क्षयरोग तथा मलेरिया रोग जाँच सेवा सुरू गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

अब म यहाँहरु समक्ष गत आर्थिक वर्ष २०८०/०८१ को यथार्थ आय व्ययको जानकारी गराउने अनुमति चाहन्छु ।

८) गत आर्थिक वर्ष २०८०/०८१ मा आन्तरिक स्रोतबाट ८ करोड ५६ हजार ३ सय ३४, अन्तरसरकारी वित हस्तान्तरण एवम् राजश्व बाँडफाँडबाट ५६ करोड ५२ लाख २५ हजार ३ सय ५४ गरि कुल ६४ करोड ५२ लाख ८१ हजार ६ सय ८८ (सामाजिक सुरक्षा बाहेक) आम्दानी भएको देखिन्छ । यसैगरी, व्यय तर्फ कुल ६० करोड २१ लाख ८१ हजार मध्ये चालु तर्फ ४२ करोड ०८ लाख ९९ हजार , पुँजीगत तर्फ १८ करोड १२ लाख ८२ हजार रहेको देखिन्छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

अब म चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्तसम्मको संशोधित आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९) चालु आर्थिक वर्ष २०८१।८२ को प्रक्षेपित कुल आय रु. ७३ करोड १४ लाख ४० हजार ५ सय ४३ मध्ये आर्थिक वर्षको जेठ मसान्तसम्म रु. ६० करोड ६३ लाख ३० हजार ६ सय २५ प्राप्त भएको छ । जसमध्ये, आन्तरिक स्रोतबाट ३ करोड २७ लाख ८० हजार २ सय ९९, अ.ल्या रु. २ करोड ४१ लाख ८३ हजार ४३ र अन्तरसरकारी वित्तीय हस्तान्तरण रु ४४ करोड ३८ लाख ३८ हजार १ सय ३७, राजश्व बाँडफाँडबाट रु. १० करोड ५४ लाख ९९ हजार १ सय ४६ (सामाजिक सुरक्षा बाहेक) प्राप्त भएको देखिन्छ ।

१०) त्यसैगरी, चालु आर्थिक वर्ष २०८१।०८२ को जेठ मसान्तसम्म रु. ४८ करोड १८ लाख ४१ हजार खर्च भएको छ । जुन अनुमानित खर्चको ६५.८७ प्रतिशत मात्र हुन जान्छ । जेठ मसान्तसम्म भएको कूल खर्च मध्ये चालु तर्फ रु. ३३ करोड ६४ लाख ०४ हजार अर्थात ७२.५७ प्रतिशत र पूँजिगत तर्फ रु. १४ करोड ५४ लाख ३६ हजार अर्थात करिब ५४.२८ प्रतिशत खर्च भएको छ । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रम रु. १४ करोड ५४ लाख समावेश गरिएको छैन ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभा सदस्यहरू**

अब म बजेट प्रणालीमा देखा परेका बजेट प्रणालीका प्रमुख चुनौतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- बढ्दो खर्चको तुलनामा स्रोतको प्रवन्ध तथा सन्तुलन मिलाउनु ।
- आन्तरिक राजस्वलाई अभिवृद्धी गर्नु ।
- नेपाल सरकार एवम् प्रदेश सरकारको वित्तिय समानिकरण अनुदान, राजस्व बाँडफाँडमा आएको संकुचनले गर्दा प्राथमिकताका योजना एवम् कार्यक्रमहरु सञ्चालन गर्नु ।
- चालु खर्चलाई वाञ्छित सिमा भित्र राखी पूँजिगत खर्च बढाउनु ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभा सदस्यहरू**

११) माथी उल्लेखित चुनौतिहरूलाई मनन गर्दै नगरपालिकाको समग्र विकास गर्न आ.व. २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकताहरू देहाय बमोजिम तय गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरू**

- कृषिको विविधिकरण, बजारीकरण, आधुनिकरण, यान्त्रिकीकरण एवम् व्यवसायीकरणमा जोड दिदै रोजगारी सृजना गर्नु ।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईमा गुणस्तरियता एवम् सबैको समान पहुच कायम गर्नु ।
- सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउनु ।
- दिगो पूर्वाधार निर्माणमा जोड दिनु ।
- सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि हासिल गर्नु ।
- गरिबी निवारण गर्नु ।

**बजेटका प्राथमिकताहरू**

- गुणस्तरिय शिक्षा, स्वास्थ्य एवम् स्वच्छ खानेपानी ।
- गुणस्तरिय भौतिक पूर्वाधार निर्माण, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन ।
- कृषि, पर्यटन एवम् सहकारी क्षेत्रको विकास ।
- महिला, बालबालिका, अपाङ्गता एवम् ज्येष्ठ नागरिकको सम्मान संरक्षण एवम् सशक्तीकरण ।
- सुशासन, प्रभावकारी सेवा प्रवाह, सूचना प्रविधिको विकास एवम् गरीवी निवारण ।
- कानुनको पारिपालनासँगै निष्पक्ष न्याय सम्पादन ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

१२) आर्थिक वर्ष २०८२ ।०८३ को बजेटले निर्धारण गरेका उद्देश्य एवम् प्राथमिकता मुताविक कार्यसञ्चालन गर्न देहाय बमोजिम सुधारको प्रस्ताव गरेको छु ।

(क) बस्ती टोल हुँदै वडास्तरबाट प्राथमिकरण सहित माग भई आएका आयोजनालाई प्राथमिकताका साथ छनोट गर्ने व्यवस्था मिलाईने छ ।

(ख) अल्पसंख्यक समुदाय, दलित, महिला, अपाङ्गता भएका नागरिक, पिछडा वर्गहरुको हित, उन्नति र प्रगतीका लागि सकारात्मक विभेद एवम् समाजिक न्यायको सिद्धान्त अवलम्बन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) ठूला आयोजनाहरु, जस्तै सडक, पार्क, पर्यटकीय पूर्वाधार विकासको काम गर्दा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति लगायतका आवश्यक सबै तयारी पूरा गरेर मात्र बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

(घ) बहुवर्षीय आयोजना सञ्चालन गर्दा स्रोतको सुनिश्चितता गरेर मात्र सञ्चालन गर्ने नीति लिईनेछ ।

(ङ) आयोजनाको ठेक्का लिई तोकिएको समय अगावै काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।

(च) नगरपालिकाको दिगो विकास, उन्नति र समृद्धिका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग सहकार्य गरी कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

(छ) प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक कार्यविधिगत तयारी आगामी भाद्र महिनाभित्र सम्पन्न गरी तत्काल कार्यक्रम कार्यान्वयनमा लैजाने वातावरण सिर्जना गरिनेछ ।

(ज) नगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गरी गराई पृष्ठपोषण लिने र प्राप्त पृष्ठपोषण बमोजिम सुधार गर्दै लैजाने व्यवस्था मिलाईनेछ ।

(झ) चालु खर्चलाई वाञ्छित सिमा भित्र राखी पूँजीगत खर्च बढाउने व्यवस्था मिलाइने छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

१३) अब म नगरपालिकाको आ.व. २०८२/०८३ का लागि प्रस्तावित राजस्व र खर्च विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०८२/०८३ का लागि कूल आय रु. ७६ करोड ६२ लाख ८० हजार हुने अनुमान गरिएको छ । कुल खर्चमा चालु तर्फ रु. ४७ करोड ७९ लाख ८० हजार र पूँजीगत तर्फ रु. २८ करोड ८३ लाख खर्च हुने अनुमान गरिएकोछ । कूल आय तथा व्ययको श्रोत र क्षेत्रगत विवरण निम्न अनुसार रहेको छ ।

**आय तर्फः**

- आन्तरिक आय :- रु. ५ करोड ५६ लाख ६८ हजार
- राजश्व बाँडफाँड :- रु. १२ करोड १४ लाख ३० हजार
- अन्तर सरकार वित्तीय हस्तान्तरण (नेपाल सरकार) :- रु. ४९ करोड ७७ लाख
- अन्तर सरकार वित्तीय हस्तान्तरण (प्रदेश सरकार): रु. ५ करोड ३४ लाख ८२ हजार
- सरी आएको मौज्दात :- रु. ३ करोड ८० लाख
- कूल जम्मा आय :- रु. ७६ करोड ६२ लाख ८० हजार (सामाजिक सुरक्षा बाहेक) ।

**व्यय तर्फः**

- चालु खर्च तर्फ रु. ४७ करोड ७९ लाख ८० हजार (जुन कुल बजेटको ६२.३८ % हो)
- पूँजीगत खर्च तर्फ :- रु. २८ करोड ८३ लाख (जुन कुल बजेटको ३७.६२% हो)
- कुल खर्च :- रु. ७६ करोड ६२ लाख ८० हजार (सामाजिक सुरक्षा बाहेक)

# बेलौरी नगरपालिकाको आ.व. २०८२।०८३ को
## बजेट सिलिङ्ग

| क.स. | बजेट स्रोत शिर्षक | आ.व. २०८२ ।०८३ रकम हजारमा | क.स. | विनियोजित शिर्षक | आ.व. २०८२ ।०८३ रकम हजारमारमा |
|---|---|---|---|---|---|
| १ | वित्तिय समानिकरण अनुदान संघीय सरकार | १४९००० | १ | सशर्त अनुदान चालु संघीय | २४९००० |
| २ | सशर्त अनुदान संघीय सरकार चालु | २४९००० | २ | सशर्त अनुदान संघिय सरकार पूजिगत | १६६०० |
| ३ | समपुरक अनुदान संघीय सरकार | ३५१०० | ३ | समपुरक अनुदान संघीय सरकार | ७०२०० |
| ४ | विशेष अनुदान संघीय सरकार | ४८००० | ४ | विशेष अनुदान संघीय सरकार | ४८००० |
| ५ | राजश्व बाँडफाँड संघीय सरकार | ११६६५१ | ५ | समपुरक अनुदान प्रदेश सरकार | ४१४०० |
| ६ | सशर्त अनुदान संघिय सरकार पूजिगत | १६६०० | ६ | सशर्त अनुदान चालु/ पुँजिगत प्रदेश सरकार | १८४०० |
| ७ | वित्तिय समानिकरण अनुदान प्रदेश सरकार | १४३८२ | ७ | नगरपालिका प्रशासनिक चालु तर्फ | १५०००० |
| ८ | राजश्व बाँडफाँड प्रदेश सरकार | ४७७९ | ८ | गत वर्षको भुक्तानी | ४०००० |
| ९ | समपुरक अनुदान प्रदेश सरकार | २०७०० | ९ | नगर स्तरिय योजना तथा नगर गौरवको कार्यक्रम | १९००० |
| १० | सशर्त अनुदान चालु/ पुँजिगत प्रदेश सरकार | १८४०० | १० | कृषि कार्यक्रम | १४००० |
| ११ | गत आ व को बचत | ३८००० | ११ | स्वास्थ्य कार्यक्रम | ५००० |
| १२ | आन्तरिक श्रोत | ५५६६८ | १२ | शिक्षा युवा तथा खेलकुद कार्यक्रम | १४००० |
| | जम्मा | ७६६२८० | १३ | पशुपञ्छी विकास कार्यक्रम | ३५०० |
| | | | १४ | महिला तथा बालबालिका विकास कार्यक्रम | १५०० |
| | | | १५ | न्यायीक समिति कार्यक्रम | १२०० |
| | | | १६ | वडा स्तरीय योजनाहरु | ३१४०० |

| क.स. | बजेट स्रोत शिर्षक | आ.व. २०८२ ।०८३ रकम हजारमा | क.स. | विनियोजित शिर्षक | आ.व. २०८२ ।०८३ रकम हजारमारमा |
|---|---|---|---|---|---|
| | | | १७ | विपद व्यवस्थापन शाखाकोष | १००८० |
| | | | १८ | उद्यम विकास शाखा | १५०० |
| | | | १९ | आयुर्वेद शाखा | १००० |
| | | | २० | राजश्व शाख | १००० |
| | | | २१ | पर्यटन प्रवर्द्धन तथा वन विकास कार्यक्रम | २००० |
| | | | २२ | म्याचिङ्ग फण्ड | १३००० |
| | | | २३ | विभिन्न लक्षित चालु कार्यक्रम | १४५०० |
| | | | | जम्मा | ७६६२८० |
| | | | | वडा न १ | २४०० |
| | | | | वडा न २ | ३४०० |
| | | | | वडा न ३ | २५०० |
| | | | | वडा न ४ | ३५०० |
| | | | | वडा न ५ | ३३०० |
| | | | | वडा न ६ | ३२०० |
| | | | | वडा न ७ | २८०० |
| | | | | वडा न ८ | ३६०० |
| | | | | वडा न ९ | ३३०० |
| | | | | वडा न १० | ३४०० |

१४) आगामी आर्थिक वर्षका लागि अनुमानित आय र व्ययको रकम बराबर हुने गरी विनियोजन गरेको छु । प्रस्तुत बजेटको अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर तर्जुमा भएको हो ।

१५) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानून बमोजिम मैले सम्मानित नगर कार्यपालिकाको मिति २०८२।०३।०६ को बैठकको सर्वसम्मत निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गरेको छु ।

१६) अब म सम्मानित नगर सभा समक्ष मैले माथि प्रस्तुत गरेको नगरपालिकाको गत वर्ष २०८०/०८१ को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८१।८२ को संशोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय र व्ययको विवरण सम्मानित नगर सभामा घनिभूत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु ।

१७) त्यसैगरी, आगामी आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ उपर छलफल गरी पारित गरियोस् भनी प्रस्ताव गर्दछु ।

१८) आगामी आर्थिक वर्षमा कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ उपर समेत छलफल गरी पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न ती दुबै विधेयकलाई यस सम्मानित नगर सभा समक्ष पेश गर्दछु ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

१९) आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम स्वीकृतिको लागि नगर कार्यपालिकाको गत आर्थिक वर्ष २०८०।०८१ को यथार्थ आय व्यय तथा चालु आर्थिक वर्ष २०८१।०८२ कार्यक्रमगत खर्च समर्थनको लागि समेत पेश गर्दछु ।

२०) प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमाका लागि आफ्नो अमूल्य राय, सुझाव दिनु हुने नगर कार्यपालिकाका सदस्यहरू, सबै विषयगत समितिका संयोजक एवम् सदस्यहरु लगायत सबै विज्ञ महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा घनिभूत छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनु हुने नगर कार्यपालिकाको

कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, व्यापारी, व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

२१) अन्त्यमा हामीबाट प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमका प्राथमिकताहरु कार्यक्रमहरु साँझेदारी र सहकार्यमा कार्यान्वयनका लागि सहयोग गरिदिनु हुन नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम् प्रबुद्ध वर्गहरु, आम नगरबासी आमा बुवा, दाजु भाई, दिदी बहिनीहरु, मतदाता, निजी क्षेत्र, नगरपालिका सम्पूर्ण कर्मचारी, संचार जगत, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशिल संघसंस्थाहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

**२०८२ असार ८ गते आइतबार**

**जोगराम चौधरी**
**नगर उपप्रमुख**
**बेलौरी नगरपालिका**